धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०५ ◆ २०८३ कात्तिक १४ शनिबार ◆ Saturday, October 31, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

नेपालका आठ हजार मिटरमाथिका हिमाललाई अन्तरराष्ट्रिय मान्यता दिलाउन पहल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल सरकारले विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको अन्तरराष्ट्रिय सूचीमा नेपालका थप छवटालाई छुट्टै हिमालका रूपमा सूचीकृत गराउन पहल अघि बढाएको छ ।

विश्व पर्वतारोहण तथा आरोहण महासङ्घद्वारा शुक्रबार आयोजित साधारणसभामा नेपाल का थप छवटा हिमाललाई छुट्टै हिमालका रूपमा सूचीकृत गराउन पहल अघि बढाइएको हो । नेपालले राखेको उक्त प्रस्तावलाई अन्त-राष्ट्रिय मान्यता प्राप्त भए विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको सङ्ख्या १४ बाट बढेर २० पुग्नेछ भने नेपालमा मात्रै यस्ता हिमालको सङ्ख्या १४ पुग्नेछ । नेपालले छुट्टै हिमालका रूपमा अन्तरराष्ट्रिय मान्यता दिलाउन प्रस्ताव गरेका हिमालमा यालुङ काङ (८,५०५ मिटर), कञ्चनजङ्घा दक्षिण (८,४७६ मिटर), कञ्चनजङ्घा मध्य (८,४७३ मिटर), ल्होत्से मध्य (८,४१० मिटर), ल्होत्से शार (८,४०० मिटर) र यालुङ काङ पश्चिम (८,०७७ मिटर) रहेका छन् । नेपालका यी हिमालले अन्तराष्ट्रिय मान्यता पाए नेपालको हिमाली पहिचान थप विस्तार हुनुका साथै विश्व पर्वतारोहणको नक्सामा नेपालको उपस्थिति अझ सुदृढ हुने बताइएको छ । पर्वतारोहण गन्तव्यको पहिचान, आरोहण गतिविधिको विस्तार र साहसिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुर्याउने अपेक्षा गरिएको छ । यसअघि सन् १९८२ र २०११ मा विश्व पर्वतारोहण तथा आरोहण महासङ्घको साधारणसभा आयोजना गरेको थियो । बिहीबार र शुक्रबार आयोजित साधारणसभामा विश्वका विभिन्न देशका पर्वतारोहण महासङ्घका प्रतिनिधि, विज्ञ तथा सरोकार वालाको सहभागिता थियो ।

चक्रवात अर्नबको प्रभावले तीन प्रदेशमा भारी वर्षाको सम्भावना, अब बिस्तारै मौसममा केही सुधार हुँदै जाने


❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । बङ्गालको खाडीमा विकसित चक्रवात 'अर्नब'को अवशेष र पश्चिमी वायुको आंशिक प्रभाव हाल देशभर रहेको जनाउँदै मौसम पूर्वानुमान महाशाखाले देशभर अधिकांश स्थानमा बादल लागेको बताएको छ ।

अहिले कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा भइरहेको छ भने कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ । शुक्रबार दिउँसो सबै प्रदेशमा बादल लाग्नेछ । कोशी, मधेस र बागमती प्रदेशका अधिकांश, गण्डकी प्रदेशका केही तथा लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ ।

त्यसैगरी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा हल्का वर्षा तथा कोशी, मधेस र बागमती प्रदेशका एकदुई स्थानमा भारी वर्षा तथा हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

यसैगरी, शनिबार राति देखी देशभर बादल लाग्नेछ । हिमाली भेगका केही स्थानमा मध्यम वर्षा र हिमपातको सम्भावना छ । कोशी, गण्डकी प्रदेशको पहाडी भागका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना छ । सम्भावित वर्षाका कारण धानबाली भित्राउने लगायत कृषि कार्य आज र भोलि



नगर्न अनुरोध गर्दै महाशाखाले उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी र हिमपहिरोको जोखिम रहेकाले सतर्कता अपनाउन तथा पर्यटकलाई उच्च हिमाली क्षेत्रमा नजान अनुरोध गरेको छ ।

यसधा साथै, त्यस्ता क्षेत्रमा पुगिसकेका पर्यटकलाई मौसम अनुकूल नहुँदासम्म सुरक्षित स्थानमा रहन अनुरोध गरिएको छ । वर्षासँगै चिसो बढ्न सक्ने, जोखिमयुक्त स्थान र सडक छेउमा पहिरो खस्ने तथा सडक र हवाई यातायातसहित दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकाले सतर्कता अपनाउन र पूर्वतयारी गर्न सर्वसाधारण तथा सम्बन्धित निकायलाई महाशाखाले आग्रह गरेको छ ।

साथै, महाशाखाले भोलि अपराह्नदेखि भने यसको प्रभाव क्रमशः कमजोर हुँदै जाने जनाएको छ ।

निर्माणाधीन दमक-चिसापानी सडकको नयाँ ठेक्का स्वीकृत

झापा । सरकारले निर्माणाधीन दमक- चिसापानी सडकको माइसेबुङ-लारुम्बा-चिसापानी खण्डको पुरानो ठेक्का अन्त्य गरेर नयाँ ठेक्का स्वीकृत गरेको छ ।झापाको दमकदेखि इलामको माइसेबुङ हुँदै पाँचथरको रबिसम्म जोड्ने सडकको २५.५ किलोमिटर खण्डको निर्माण कार्यमा पुरानो निर्माण व्यवसायीले ढिलासुस्ती गरेपछि सरकारले ठेक्का अन्त्य गरेर नयाँ बोलपत्र आह्वान गरेको थियो । नयाँ ठेक्का स्वीकृत गर्ने आशयको सूचना गत बुधवार प्रकाशित गरिसकेको सडक डिभिजन कार्यालय दमकका प्रमुख ईन्जिनयर श्याम कुमार यादवले बताउनुभयो । निर्माण हुने सडकको खण्ड इलाम र पाँचथरमा पर्दछ। सडक डिभिजन कार्यालय दमकले एमएस महा-लक्ष्मी-जय धनञ्जय जेभी काठमाडौं बाट कबोल भएको रु. एक अर्ब २२ करोड ७९ लाख ४४ हजार ८७२ रकममा नयाँ ठेक्का स्वीकृत गरेको जनाएको छ । "नयाँ ठेक्का अन्तर्गत निर्माण व्यवसायीको छनौट भएको छ," डिभिजन प्रमुख यादवले भन्नुभयो- "सात दिनको म्याद दिएर ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेका छौं । जम्मा १९ वटा ठेक्का परेका थिए ।"

नयाँ प्रक्रिया अघि बढेपछि अब छिट्टै निर्माण व्यवसायीसँग ठेक्काको औपचारिक सम्झौता हुने र तीन वर्षभित्र सडकको कालोपत्रे कार्य सम्पन्न हुने गरी निर्माणलाई अघि बढाइने उहाँले बताउनुभयो ।

लामो समयदेखि अलपत्र सडकलाई कालोपत्रेमा स्तरोन्नति गर्ने प्रक्रिया अघि बढाउइने भएपछि झापा र इलामको पश्चिमी क्षेत्रका बासिन्दा लाभान्वित हुने भएका छन् ।

बुटवल अन्तरराष्ट्रिय सम्मेलन केन्द्रको जिम्मा विकास समितिलाई

❑ *प्रत्यूष समाचारदाता*

रूपन्देही । रुपन्देहीको बुटवलस्थित बुटवल अन्तरराष्ट्रिय सम्मेलन केन्द्रको सञ्चालन तथा व्यवस्था पनको जिम्मेवारी विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ ।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक दिलीप भण्डारी र पूर्वाधार विकासमन्त्रीका सल्लाहकार मधु अर्यालको उपस्थितिमा शुक्रबार आयोजित कार्यक्रममा सम्मेलन केन्द्रको जिम्मेवारी समितिलाई हस्तान्तरण गरिएको हो । कार्यक्रममा वरिष्ठ डिभिजनल इन्जिनियर कीर्तिकान्त साहले 'विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति गठन आदेश, २०८१' बमोजिम आवश्यक सम्पूर्ण कागजात समितिका कार्यकारी निर्देशक धर्मराज खड्कालाई हस्तान्तरण गर्नुभयो ।

जिम्मेवारी ग्रहण गर्दै कार्यकारी निर्देशक खड्काले सम्मेलन केन्द्रलाई पारदर्शी, व्यवस्थित र सेवाग्राहीमैत्री ढङ्गले सञ्चालन गरिने बताउनुभयो । उहाँले उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै सेवाग्राही को सन्तुष्टि र संस्थाको प्रभावकारी व्यवस्थापनलाई प्राथमिकता दिइने उल्लेख गर्नुभयो । उहाँले वर्तमान सरकारको कार्यशैलीअनुसार सम्मेलन केन्द्रको पूर्ण क्षमतामा उपयोग हुने गरी सञ्चालन तथा व्यवस्थापन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बुटवलमा निर्माण गरिएको अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा मुख्य सभाहलसहित विभिन्न क्षमताका बहुउद्देश्यीय हल रहेका छन् । राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका सभा, सम्मेलन, गोष्ठी र सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सकिने यस केन्द्रमा एकैपटक हजारौं सहभागीलाई समेट्न सकिने क्षमता रहेको छ। सम्मेलन केन्द्रमा अत्याधुनिक ध्वनि तथा प्रकाश प्रणाली, मल्टिमिडिया डिस्प्ले, अन्तरराष्ट्रियस्तरको मञ्च, पर्याप्त पार्किङ, हरियाली पार्क, खाजाघर, विशिष्ट कक्ष तथा अपाङ्गतामैत्री



पूर्वाधार रहेका छन् । व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणसँगै लामो समयदेखि पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको सम्मेलन केन्द्र प्रभावकारी रूपमा सञ्चालन हुने अपेक्षा गरिएको छ । यसको सञ्चालनले बुटवलसहित समग्र लुम्बिनी प्रदेशको आर्थिक, पर्यटकीय तथा व्यापारिक गतिविधिमा योगदान पुग्ने विश्वास गरिएको छ ।

बाढीग्रस्त स्याफ्रुबेंसीमा स्वास्थ्य शिविर

रसुवा । भोटेकोशी नदीमा गत भदौ १० गते गएको बाढीबाट प्रभावित नागरिकका लागि रसुवाको स्याफ्रुबेंसी बजारमा पहिलोपटक एकदिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

गोसाइँकुण्ड गाउँपालिका, भिजिट डेभलपमेन्ट रिसर्च सेन्टर अमेरिका र नेपाल पर्वतारोहण सङ्घको संयुक्त आयोजनामा सञ्चालन गरिएको उक्त शिविरबाट बाढी प्रभावित क्षेत्रका ३५० जनाभन्दा बढी नागरिक लाभान्वित भएका छन् । स्वास्थ्य शाखा प्रमुख विमल घिमिरेका अनुसार बाढीका कारण पूर्ण रूपमा क्षतिग्रस्त बनेको स्याफ्रुबेंसी बजार र आसपासका क्षेत्रमा विपदपश्चात् फैलिन सक्ने स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न तथा प्रभावित नागरिकलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले आयोजना गरिएको हो ।

शरद् ऋतुमा हिमाल आरोहणबाट ३२ करोड बढी राजस्व संकलन

काठमाडौं । शरद् ऋतुमा नेपालका विभिन्न हिमाल आरोहण अनुमति प्रदान गरेबापत सरकारले रु ३२ करोड ३७ लाख ८८ हजार ९९० राजस्व सङ्कलन गरेको छ ।

पर्यटन विभागले दिएको जानकारीअनुसार सन् २०२६ को शरद् ऋतुमा नेपालका ४६ हिमाल आरोहणका लागि अनुमति प्रदान गरेबापत रु ३२ करोड ३७ लाख ८८ हजार ९९० सङ्कलन गरेको हो ।

विभागका शाखा अधिकृत सुधा रेग्मीले १७१ टोलीका एक हजार ४९३ आरोहीलाई आरोहण अनुमति प्रदान गरेबापत उक्त राजस्व सङ्कलन भएको जानकारी दिनुभयो । हिमाल आरोहणका लागि एक हजार १३७ पुरुष र ३५६ महिलाले आरोहण अनुमति लिएका छन् । सबैभन्दा बढी मनास्लु आरोहणका लागि ४३ टोलीका ५०० जना आरोहीले अनुमति लिएका उहाँले जानकारी दिनुभयो । विभागका अनुसार धवलागिरि-१ आरोहणका लागि छ टोलीका ३७ जनाले आरोहण अनुमति लिएका छन् । उहाँहरूबाट विभागले रु ८४ लाख ७३ हजार ६५० राजश्व सङ्कलन भएको विभागका शाखा अधिकृत रेग्मीले उल्लेख गर्नुभयो । उहाँका अनुसार मकालु हिमाल आरोहणका लागि एक टोलीका तीन जनाले अनुमति लिएकामा रु छ लाख ८८ हजार ५० राजस्व सङ्कलन भएको हो ।

यसैगरी, हिम्लुङ हिमालका लागि १३ टोलीका १३० आरोही, आमादब्लम हिमाल आरोहणका लागि ३४ टोलीका ४१२ जनाले आरोहण अनुमति लिएका हुन् । साथै पुथा हिउँचुली, डाङ्गा हिउँचुली, बरुणत्से हिमाल, मकालु, गङ्गापूर्णा पश्चिम (लाङचेनेल), थोरोङ पिक, नोर्बु खाङ, अन्नपूर्ण-४, चाम्लाङ, लमजुङ हिमाल, पुमोरी, सारिबुङ, थापा पिक (धाम्पुस), पोखर खाङ, अर्दाङ, जुगल, पेरीलगायत हिमालका लागि अनुमति प्रदान गरिएको विभागले जनाएको छ ।

उक्त हिमाल आरोहण गर्नका लागि ७६ देशका एक हजार ४९३ आरोहीले आरोहण अनुमति



लिएका छन् । आरोहण अनुमति लिनेमा सबैभन्दा बढी चीनका १४२ जना रहेका उहाँले जानकारी दिनुभयो । यसबाहेक रसिया, फ्रान्स, अमेरिका, बेलायत, पोल्यान्ड, नेपाल, स्वीजरल्यान्ड, स्पेन, भारत, इटली, जापानलगायत देशका आरोहीले अनुमति लिएका छन् ।

सम्पादकीय ....

सामाजिक सञ्जालमा बढ्दै अनलाईन सट्टेवाजीको बिगबिगी : नियन्त्रणमा सरकारलाई चुनौती

आजको युग सूचना र प्रविधिको युग हो । सामाजिक सञ्जालले संसारलाई नजिक बनाएको छ। सूचना आदानप्रदान, शिक्षा, मनोरञ्जन र व्यापारका क्षेत्रमा डिजिटल प्रविधिले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। तर, यही प्रविधिको दुरुपयोग गर्दै अनलाइन क्यासिनो, जुवा तथा सट्टेबाजीको प्रचारप्रसार बढ्नु नेपाली समाजका लागि गम्भीर चुनौती बनेको छ ।

पछिल्लो समय फेसबुक, टिकटक, युट्युब तथा अन्य सामाजिक सञ्जालमा अनलाइन क्यासिनो र सट्टेबाजीसम्बन्धी सामग्री देखिने गरेको छ । रातारात धनी बन्न सकिने, थोरै रकम लगानी गरेर ठूलो पैसा कमाउन सकिने र घरमै बसेर आम्दानी गर्न सकिने जस्ता प्रलोभन देखाएर मानिसलाई आकर्षित गरिन्छ। विशेषगरी आर्थिक रूपमा आत्मनिर्भर बन्न चाहने युवा यस्ता प्रलोभनमा पर्न सक्ने जोखिम रहन्छ। तर, वास्तविकता के हो भने यस्ता गतिविधिमा सहभागी हुँदा पैसा गुम्ने, ऋण बढ्ने, ठगीमा पर्ने र पारिवारिक सम्बन्धसमेत बिग्रने सम्भावना हुन्छ ।

नेपालमा जुवा तथा सट्टेबाजी नियन्त्रण गर्न कानुनी व्यवस्था छ । मुलुकी अपराध संहिताले जुवा तथा सट्टेबाजी सम्बन्धी कसुरलाई निषेध गरेको छ। त्यस्तै, विज्ञापनसम्बन्धी कानुनले जुवा खेल्न वा खेलाउन प्रोत्साहित गर्ने विज्ञापनमा प्रतिबन्ध लगाएको छ। सरकारले सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट बन्द गर्न कदम चालेको छ र नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी त्यस्ता वेबसाइट तथा एपमा पहुँच रोक्ने काम पनि गरेको छ ।

यति हुँदाहुँदै पनि यस्ता गतिविधिको प्रचारप्रसार पूर्ण रूपमा नियन्त्रण गर्न सजिलो छैन । कतिपय वेबसाइट तथा एप विदेशबाट सञ्चालन हुन सक्छन् । एउटा वेबसाइट बन्द हुँदा अर्को नामबाट सञ्चालन हुन सक्छ। सामाजिक सञ्जालमा नक्कली खाता बनाएर प्रचार गर्ने, विभिन्न व्यक्तिलाई आर्थिक प्रलोभन देखाउने र प्रयोगकर्तालाई निजी समूहमा जोड्ने प्रवृत्तिले नियन्त्रणको चुनौती थपेको छ ।

यस समस्याको समाधानका लागि सरकारले कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ । नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल प्रहरीको साइबर ब्युरो, विज्ञापन बोर्ड, बैंक तथा वित्तीय संस्था र सम्बन्धित निकायबीच समन्वय आवश्यक छ। गैरकानुनी सट्टेबाजी सञ्चालन गर्ने, त्यसको प्रचार गर्ने र त्यसबाट हुने आर्थिक कारोबारमा संलग्न व्यक्तिमाथि प्रमाणका आधारमा अनुसन्धान तथा कानुनी कारबाही हुनुपर्छ। सामाजिक सञ्जालका कम्पनीसँग पनि प्रतिबन्धित सामग्री र विज्ञापन हटाउन प्रभावकारी समन्वय गरिनुपर्छ ।

अनलाइन क्यासिनो तथा सट्टेबाजी नियन्त्रण गर्नु सरकारको मात्र होइन, समाजको साझा जिम्मेवारी हो । नयाँ सरकारले सामाजिक सञ्जालमा फैलिरहेका गैरकानुनी सट्टेबाजीका गतिविधि नियन्त्रण गर्दै युवाको भविष्य, नागरिकको सम्पत्ति र समाजको आर्थिक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्छ। कानुनको प्रभावकारी कार्यान्वयन र जनचेतनाबाट मात्रै यो चुनौतीलाई न्यूनीकरण गर्न सकिन्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

ज्ञान, अध्ययन र सिर्जनाको त्रिवेणी त्रिफला



सुदीप राउत

हातहातमा 'स्मार्टफोन', सामाजिक सञ्जालको 'भर्चुअल' दुनियाँ। यसैमा रमाइरहेको आजको पुस्ता तर झापाको मेचीनगर-१० धुलाबारीस्थित त्रिफला राष्ट्रिय पुस्तकालयमा भने फरक दृश्य देखिन्छ । चारैतिर पुस्तकका पङ्क्तिबीच युवा मोबाइलको स्क्रिनमा होइन, पुस्तकका पानामा नजर दौडाउँदै अध्ययनमा तल्लीन भेटिन्छन्। कोही चार्टर्ड एकाउन्टेन्सी (सिए) को तयारीमा छन्, कोही लोकसेवाको परीक्षाको अध्ययनमा जुटेका छन् त कोही चिकित्सकको लाइसेन्स परीक्षा उत्तीर्ण गर्ने लक्ष्यसहित पढिरहेका छन् ।

तीमध्ये एक हुनुहुन्छ, मेचीनगर-१० का प्रशान्त चौधरी । चार्टर्ड एकाउन्टेन्सी अध्ययन गरिरहनुभएका उहाँको विगत एक वर्षदेखि पुस्तकालय आउने-जाने दैनिकी बनेको छ। हरेक दिन आफ्नो 'कोर्षबुक' बोकेर पुस्तकालय पुग्ने उहाँ दैनिक चारदेखि पाँच घण्टा यहाँ बिताउनुहुन्छ। पुस्तकालयको शान्त वातावरण उहाँका लागि अध्ययनको आधार बनेको छ ।

"पुस्तकालयमा शान्त र अध्ययनका लागि उपयुक्त वातावरण छ । घरमाभन्दा यहाँ बसेर पढ्दा बढी एकाग्र हुन सकिन्छ । चारैतिर पुस्तक देख्दा पनि पढ्न प्रेरणा मिल्छ", चौधरी भन्नुहुन्छ, "त्यसैले आफ्नो कोर्षबुक बोकेर दैनिक चारदेखि पाँच घण्टा यहाँ अध्ययन गर्ने गरेको छु । सीए अध्ययनका लागि नियमित अभ्यास र एकाग्रता आवश्यकपर्ने भएकाले पुस्तकालय मेरो अध्ययनको राम्रो थलो बनेको छ ।"

उहाँजस्तै मेचीनगर-९ की यमुना तिम्सिना पनि अध्ययनका लागि केही दिनयता नियमित पुस्तकालय आउन थाल्नुभएको छ। अध्ययनका लागि अनुकूल वातावरण खोज्दै पुस्तकालय पुग्ने उहाँ नयाँ पाठकमध्ये एक हुनुहुन्छ। मेचीनगर-१० की डा समीक्षा खड्का भने एमबिबीएस अध्ययन पूरा गरेर चिकित्सकको लाइसेन्स परीक्षाको तयारी गरिरहनुभएको छ। उहाँ दुई महिना देखि नियमित रूपमा पुस्तकालय मा अध्ययन गर्दै आउनुभएको छ। "घरमा एक्लै पढ्दा कहिलेकाहीं एकोहोरो लाग्छ । पुस्तकालयमा शान्त वातावरण र पारिवारिक माहोल छ। यहाँ आउँदा मन पनि शान्त हुन्छ र पढाइमा ध्यान दिन सजिलो हुन्छ", खड्का भन्नुहुन्छ । यी तीनै जना फरक शैक्षिक लक्ष्य बोकेर पुस्तकालय पुग्छन् । पुस्तकालय केबल पुस्तक पढ्ने ठाउँ मात्र होइन, आफ्नो भविष्य निर्माणका लागि एकाग्र भएर समय बिताउने साझा थलो बनेको छ । पठन संस्कृति कमजोर हुँदै गएको चर्चा भइरहँदा पुस्तक पढ्ने बानी साँच्चै हराउँदै गएको हो वा त्यसका लागि उपयुक्त वातावरण र अवसरको अभाव छ भन्ने प्रश्न पनि उठ्छ । चौधरी भन्नुहुन्छ, "पढ्ने रुचि भएका विद्यार्थीलाई शान्त वातावरण र आवश्यक पुस्तक उपलब्ध गराउन सकियो भने पठन संस्कृतिलाई अझै बलियो बनाउन सकिन्छ । पुस्तकालय त्यसका लागि उपयुक्त थलो हो ।"

राष्ट्रिय पुस्तकालयकी कर्मचारी चन्द्रकला भट्टराईका अनुसार दैनिक १० देखि १५ जना पाठक नियमित रूपमा अध्ययनका लागि आउने गरेका छन् । बिदाका दिन कतिपय विद्यालयबाट विद्यार्थी लाई पुस्तकालय भ्रमण गराउने गरिएको छ। "यहाँ दैनिक नियमित रूपमा अध्ययन गर्न आउने पाठक हुनुहुन्छ । लोकसेवाको तयारी गर्ने विद्यार्थी पनि आउनुहुन्छ। विद्यालय बाट विद्यार्थीलाई पुस्तकालय बारे जानकारी दिन र अवलोकन गराउन पनि ल्याउने गरिएको छ", भट्टराईले भन्नुभयो ।

पुस्तकालयमा विद्यार्थीको नियमित उपस्थिति र विद्यालयबाट हुने भ्रमणले नयाँ पुस्तालाई पुस्तक तथा पठन संस्कृतिसँग जोड्ने अवसर दिएको छ । अध्ययनका लागि शान्त ठाउँ खोज्ने विद्यार्थी र पुस्तकको संसारसँग परिचित हुन आउने बालबालिका दुवैका लागि पुस्तकालय उपयोगी बनिरहेको छ। विसं २०५३ वैशाख १ गते केही पुस्तकबाट सुरु भएको त्रिफला राष्ट्रिय पुस्तकालयले आफ्नो तीनदशक लामो यात्रामा अहिले ५० हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिका सङ्ग्रह भएको संस्थाका रूपमा आफूलाई विकसित गरेको छ। धुलाबारी माध्यमिक विद्यालयको प्राङ्गणबाट सुरु भएको यसको यात्रा भाडाका कोठा हुँदै आफ्नै तीनतले भवनसम्म आइपुगेको हो ।

पुस्तकालयको पहिलो तलामा पुस्तकालय, वाचनालय र कार्यालय छन् । दोस्रो तलामा साहित्यिक, शैक्षिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सभाहल छ। तेस्रो तलामा साहित्यकार तथा अतिथिका लागि आवासीय कक्ष बनाइएका छन्। यसले पुस्तकालय लाई अध्ययनसँगै साहित्यिक भेटघाट र विचार आदानप्रदानको केन्द्रका रूपमा विकास गरेको छ।

पुस्तकालयका संस्थापक अध्यक्ष प्रेमप्रकाश पोखरेल 'फलाहारी' पुस्तकालयलाई पुस्तक थुपारेर राख्ने ठाउँमा मात्र सीमित गर्न नहुने बताउनुहुन्छ। "पुस्तकमा ज्ञानको ठूलो भण्डार हुन्छ । त्यसलाई पढ्ने, बुझ्ने र नयाँ पुस्तासम्म पुऱ्याउने वातावरण बनाउनुपर्छ। पुस्तकालयको उद्देश्य पुस्तक सुरक्षित राख्नुमात्रै होइन, मानिसमा पढ्ने बानीको विकास गर्नु पनि हो", उहाँले भन्नुभयो ।

सीमापारिका नेपाली स्रष्टाको साझा थलो

त्रिफला राष्ट्रिय पुस्तकालय को पहिचान विद्यार्थीको अध्ययनमा मात्र सीमित छैन । पूर्वी नेपालका साहित्यकारको जमघट हुने थलोका रूपमा यसको छुट्टै महत्व छ । भारतको दार्जिलिङ, सिक्किम, आसाम र मणिपुरसम्मका नेपाली भाषी स्रष्टाका कृति यहाँ सङ्ग्रहित छन् । विदेशमा रहेका नेपाली साहित्यकार तथा शुभ चिन्तकले आफ्ना प्रकाशित पुस्तकसमेत पुस्तकालयमा पठाउने गरेका छन्। यसले भौगोलिक दूरीका कारण टाढा रहेका नेपालीभाषी लेखक, पाठक र साहित्यिक समुदायलाई एउटै साझा थलोमा जोडेको छ । यहाँ सङ्ग्रहित कृति नेपाली भाषा, साहित्य र संस्कृति सम्बन्धी अध्ययनका लागि उपयोगी स्रोत बनेका छन् ।

साहित्यकार तथा पत्रकार देवेन्द्रकिशोर ढङ्गानाका अनुसार त्रिफला पुस्तकालय पछिल्लो समय साहित्य, कला र सङ्गीतको केन्द्रका रूपमा विकसित हुँदै गएको छ । "पुस्तक पढ्नु भनेको ज्ञानको दायरा फराकिलो बनाउनु हो । त्रिफलाले पुस्तक सङ्ग्रह गर्ने कामसँगै साहित्यकारलाई भेटघाट गर्ने, विचार आदानप्रदान गर्ने र सिर्जनाबारे छलफल गर्ने ठाउँ दिएको छ । पुस्तकालयको यस्तो भूमिका पठन संस्कृतिको विकासका लागि महत्वपूर्ण छ", ढुङ्गाना भन्नुहुन्छ। पुस्तकालयमा नियमित अध्ययन गर्ने विद्यार्थी र साहित्यिक कार्यक्रममा सहभागी हुने स्रष्टाका उद्देश्य फरक छन् तर दुवैलाई जोड्ने साझा माध्यम पुस्तक र ज्ञानप्रतिको रुचि हो । यस अर्थमा त्रिफला अध्ययन र सिर्जनाबीचको सम्बन्ध जोड्ने साझा चौतारी बनेको छ । त्रिफला राष्ट्रिय पुस्तकालयको आजको स्वरूप पछाडि संस्थापक प्रेमप्रकाश पोखरेल 'फलाहारी'को लामो सङ्घर्ष र सयौं दाताको योगदान जोडिएको छ । सामान्य परिवारमा जन्मिनुभएका फलाहारीले नुन, अन्न र जुत्ताचप्पल त्यागेर गेरुवा बस्त्र धारण गरेपछि पुस्तकालय स्थापनाका लागि सहयोग जुटाउन देशका विभिन्न ठाउँमा पैदलयात्रा गर्नुभएको थियो। सुरुका दिनमा उहाँको अभियानलाई समाजका सबैले सहज रूपमा स्वीकार गरेका थिएनन् । कसैले असामान्य ठाने, कसैले आलोचना गरे । तर, उहाँले पुस्तकालय स्थापनाको लक्ष्य छाड्नुभएन । पुस्तक र ज्ञानको महत्व बुझाउँदै सहयोग जुटाउने प्रयास निरन्तर अघि बढाउनुभयो । पुराना दिन सम्झँदै फलाहारी भन्नुहुन्छ, "सुरुका दिनमा पुस्तकालय बनाउने काम सजिलो थिएन । धेरै ठाउँमा पुग्नुप र्यो, सहयोग माग्नुपर्यो र विभिन्न कठिनाइ सामना गर्नुपर्यो। तर, ज्ञान सबैका लागि आवश्यक छ भन्ने विश्वासले यो काम निरन्तर अघि बढाएँ ।" स्थानीय जग्गादाता, साहित्यकार, समाजसेवी तथा पुस्तकप्रेमीको सहयोगले पुस्तकालय ले क्रमशः आफ्नै जग्गा र भवन प्राप्त गऱ्यो । स्थानीय छत्रबहादुर बस्नेत र देवेन्द्रविक्रम नेम्वाङ लगायतले जग्गा उपलब्ध गराउन सहयोग गर्नुभयो भने विभिन्न दाताले पुस्तक र आर्थिक सहयोग प्रदान गरे। पुस्तकालयका संस्थापक तथा आजीवन सदस्यको सङ्ख्या एक हजारभन्दा बढी र साधारण सदस्य पाँच हजारभन्दा बढी रहेको फलाहारी बताउनुहुन्छ।

फलाहारीको व्यक्तिगत सङ्कल्पबाट सुरु भएको अभियान आज सामूहिक ज्ञानसम्पत्तिका रूपमा विकसित भएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७७ सालमा देशकै उत्कृष्ट पुस्तकालयको सम्मान प्राप्त गर्नु पनि यसको यात्राको महत्त्वपूर्ण उपलब्धि हो ।

संरक्षणको चुनौती

पुस्तकालयको विकाससँगै यसको दीर्घकालीन संरक्षणको प्रश्न पनि महत्वपूर्ण बनेको छ । पचास हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिकालाई व्यवस्थित राख्न, सूचीकरण गर्न र पुराना कृतिलाई सुरक्षित गर्न दक्ष जनशक्ति तथा पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ। कोशी प्रदेश सरकारबाट प्राप्त अनुदानपछि पुस्तकको 'बाइन्डिङ' र 'क्याटलगिङ'को काम सुरु गरिए पनि सबै पुस्तक व्यवस्थित गर्न अझै धेरै काम बाँकी छ । फलाहारी भन्नुहुन्छ, "पुस्तकालयमा धेरै पुराना र दुर्लभ पुस्तक छन् । तिनलाई सुरक्षित राख्नु हाम्रो जिम्मेवारी हो। त्यसका लागि दक्ष कर्मचारी, आर्थिक स्रोत र व्यवस्थित संरक्षण प्रणाली आवश्यक छ ।" उहाँले स्थानीय तहबाट अपेक्षित सहयोग नपाएको गुनासो गर्नुभयो ।

विपत्को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफवाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

वन क्षेत्रका समस्या समाधानका लागि प्रदेश सरकारको ध्यानाकर्षण

सुदूरपश्चिम । सुदूरपश्चिममा कार्यरत विभिन्न वन उपभोक्ता समूहले वन क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् ।

ती समूहको सुदूरपश्चिम प्रदेशस्तरीय आन्दोलन परिचालन समन्वय समितिका पदाधिकारीले शुक्रबार मुख्यमन्त्री खगराज भट्टलाई २४बुँदे ज्ञापनपत्र बुझाउँदै सामुदायिक तथा साझेदारी वनको व्यवस्थापन, वन पैदावार उपयोग र राजस्व बाँडफाँटसम्बन्धी समस्या समाधान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन् । ध्यानाकर्षणपत्रमा वनसम्बन्धी विद्यमान कानुन संशोधन गरी उपभोक्ताको अधिकार सुनिश्चित गर्न माग गरिएको छ ।

समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय लगायतसरोकार भएकाहरू लाई यसअघि पटकपटक ध्यानाकर्षण गराउँदा पनि माग सम्बोधन नभएको भन्दै पुनः प्रदेश सरकारको ध्यानाकर्षण गराइएको साझेदारी वन उपभोक्ता महासङ्घ, नेपालका केन्द्रीय महासचिव यादवप्रसाद भण्डारीले जानकारी दिनुभयो ।

ज्ञापनपत्रमा वन क्षेत्रभित्र रहेका तालतलैया तथा अन्य प्राकृतिक स्रोतको व्यवस्थापनमा स्थानीय समुदायको अधिकार सुनिश्चित गर्न, सामुदायिक वनका स्वीकृत कार्ययोजना कार्यान्वयनमा स्थानीय तहबाट हुने अनावश्यक हस्तक्षेप रोक्न र वन अतिक्रमण भएका क्षेत्रमा राजनीतिक संरक्षण अन्त्य गर्न पनि आग्रह गरिएको छ । सरकारी तथा गैरसरकारी भवन निर्माणमा स्वदेशी काठको प्रयोग अनिवार्य गर्न, काठ तथा गैरकाष्ठ वन पैदावारको आन्तरिक खपत बढाउन, वन उपभोक्ता समूहको क्षमता विकास र वन व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गर्न माग गरिएको छ । यसैगरी नदी तथा चुरे क्षेत्रमा हुने ढुङ्गा, गिट्टी र बालुवा उत्खननको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआइए) तथा प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रभावकारी बनाउन र वन क्षेत्रमा आधारित उद्योग सञ्चालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्न माग गरिएको छ । समितिले वन ऐन, नियमावली तथा वन व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था कार्या न्वयनमा एकरूपता ल्याउन सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय आवश्यक रहेको जनाएको छ । ज्ञापनपत्रमा वैज्ञानिक वन व्यवस्थापन उपभोक्ता राष्ट्रिय महासङ्घ नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन), सामुदायिक वन उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाललगायत वन उपभोक्ता समूह सम्बद्ध विभिन्न संस्थाका प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।

वनमा लुकाइएका भरुवा बन्दुक बरामद

कपिलवस्तु । कपिलवस्तुको वाणगङ्गा नगरपालिका-९ स्थित सामुदायिक वनबाट प्रहरीले चार नाल भरुवा बन्दुक बरामद गरेको छ ।



वाणगङ्गा नगरपालिका-९ भर्लावासस्थित खुतखुते सामुदायिक वनको लहरे उकालीमा लुकाइछिपाइ राखिएको अवस्थामा प्रहरीले बन्दुक बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रिपेन्द्रकुमार सिंहका अनुसार बन्दुक लुकाएर राखिएको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पिपराबाट प्रहरी निरीक्षक कालिका कार्कीको नेतृत्वमा खटिएको नौ सदस्यीय टोलीले खोजतलास गरेको थियो । प्रहरी टोलीले काठको गोलियाभित्रको खोक्रो भागमा स्याउला र पातले छोपेर लुकाइ राखेको अवस्थामा चार नाल भरुवा बन्दुक फेलापारेको उहाँले जानकारी दिनुभयो । प्रहरीले ती बन्दुक बरामद गरी इलाका प्रहरी कार्यालय पिपरामा राखेको छ । बरामद बन्दुक कसले र कुन प्रयोजनका लागि लुकाएर राखेको हो भन्ने विषयमा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक सिंहले सो क्रममा बताउनुभयो ।

पशु वधशाला तथा मासु जाँच ऐन कार्यान्वयनका लागि कार्यदल गठन

काठमाडौँ । सरकारले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयनका लागि बागमती प्रदेशमा १५ वटा कार्यदल गठन गरेको छ । पशु सेवा विभागले काठमाडौँ उपत्यकाका लागि आठ सहसचिव सम्मिलित तीन कार्यदल तथा मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट, रसुवा र चितवनमा उपसचिव नेतृत्वमा १२ कार्यदल गठन गरेको हो ।

कार्यदलले सम्बन्धित जिल्लाका विभिन्न स्थानीय तहसँग आवश्यक समन्वय गरी व्यवसायी लाई पशुपन्छीको वध गर्नुअगाडि र गरेपछि अनिवार्य स्वास्थ्य परीक्षण, उत्पादित वस्तुलाई चिस्यान (रेफ्रिजरेसन) गराउने, मासुको तौलअनुसार प्याकेजिङ, मूल्य, आधिकारिक रूपमा सरकारी लोगो लगाउन प्रशिक्षण दिने, जनचेतना फैलाउने काम गर्नेछ । कार्यदलका संयोजक डा विनयकुमार कर्णले ऐन लागू भएपछि उपभोक्तालाई स्वस्थ्य र गुणस्तरीय मासु उपलब्ध गराउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। जनस्वास्थ्य संरक्षण कार्यालय स्थापना गरी मासु निरीक्षक तोक्न विभागले स्थानीय सरकारसँग सहकार्य गर्ने विभागका महानिर्देशक डा उमेश दाहालले बताउनुभयो ।

अनेसास नेपाल च्याप्टरको सल्लाहकार समिति गठन साहित्यकार शान्ति रिसाल महिला समिति संयोजकमा चयन

बागमती । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन तथा विश्वव्यापी प्रवर्द्धनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरले सल्लाहकार समिति गठन गरेको छ ।

च्याप्टरले गठन गरेको सल्लाहकार समितिमा अनेसासका केन्द्रीय सदस्य तथा नेपाल च्याप्टरका निवर्तमान अध्यक्ष राजेन्द्र के.सी., साहित्यकार तथा समाजसेवी अस्मिता सुमार्गी, वरिष्ठ साहित्यकार खेमनाथ दाहाल, साहित्यकार एवं मधेशी आयोगकी माननीय सदस्य रेणुदेवी साह र नेपाल च्याप्टरकी पूर्व अध्यक्ष तथा अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारकी सदस्य सन्ध्या पहारी रहेका छन् । त्यसैगरी च्याप्टरले कार्य समिति सदस्य शान्ति रिसाललाई नेपाल च्याप्टर महिला समितिको संयोजकमा चयन गरेको छ ।

सल्लाहकार समितिमा चयन भएका व्यक्तित्वहरू नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक सेवाका विविध क्षेत्रमा आआफ्नो विशिष्ट पहिचान स्थापित गरेका स्रष्टा, साधक र समाजसेवी हुन महासचिव रमेश दाहालका अनुसार सल्लाहकार राजेन्द्र के.सी. लामो समयदेखि नेपाली चलचित्र क्षेत्रका माध्यमबाट नेपाली भाषा, कला तथा संस्कृतिको प्रवर्द्धनमा समर्पित व्यक्तित्व हुन् । अनेसास नेपाल च्याप्टरको वरिष्ठ उपाध्यक्ष हुँदै अध्यक्षको जिम्मेवारी सफलता पूर्वक निर्वाह गरिसकेका के.सी.ले नेपाल चलचित्र विकास बोर्डको सदस्य तथा अनेसास केन्द्रीय संस्कृति समितिमा रहेरसमेत योगदान पुऱ्याइसकेका छन् । हाल उनी अनेसासका केन्द्रीय सदस्यका रूपमा क्रियाशील छन्। उनको 'मौन आकाश' कवितासङ्ग्रह प्रकाशित छ भने विभिन्न पत्रपत्रिका तथा साहित्यिक प्रकाशनमा उनका लेखरचनाहरू प्रकाशित छन् ।

सल्लाहकार अस्मिता सुमार्गी सामाजिक सेवा, साहित्य र व्यवसायका क्षेत्रमा परिचित नाम हुन् । सफल व्यवसायीका रूपमा समेत स्थापित सुमार्गी लामो समयदेखि अनेसासको आजीवन सदस्य रहेर नेपाल च्याप्टरको संस्थागत विकासमा तन, मन र धनले सहयोग पुऱ्याउँदै आएकी छन्। साहित्यप्रतिको अनुराग र सामाजिक सेवाप्रतिको समर्पणलाई सँगसँगै अघि बढाइरहेकी उनका विभिन्न लेख रचना स्मारिका तथा पत्र पत्रिकामा प्रकाशित नेपाली वाङ्मयमा महाकाव्यकारका रूपमा विशिष्ट परिचय बनाएका वरिष्ठ साहित्यकार खेमनाथ दाहाल नेपाली साहित्यका बहुविधाका सशक्त साधक हुन्। उनका दर्जनभन्दा बढी साहित्यिक कृति प्रकाशित छन् । 'श्वेतपत्र' महाकाव्यबाट विशेष ख्याति कमाएका दाहालका 'म त बन्दी भएको छु', 'हावर्डको चौतारी' कवितासङ्ग्रह, 'यात्राको सिकर्नी' नियात्रा सङ्ग्रहलगायत 'अहोरात्र' उपन्यास चर्चित कृतिहरू हुन् । उनका सिर्जनात्मक यात्राले कविता, महाकाव्य, आख्यान, नियात्रा तथा समालोचनासम्मको फराकिलो साहित्यिक आयाम समेटेको छ ।

दुई दर्जनभन्दा बढी विविध विधाका साहित्यिक कृतिमा भूमिका तथा समालोचना लेखि सकेका दाहालको 'सिर्जनामा दृष्टि' भूमिका सङ्ग्रहसमेत प्रकाशित छ । सन् २००४ देखि अनेसासको आजीवन सदस्य रहँदै आएका उनी बोर्ड अफ ट्रस्टीमा समेत आबद्ध छन् । नेपाली साहित्यको सिर्जना, समीक्षा र संस्थागत अभियानमा लामो समयदेखि समर्पित दाहाललाई नेपाल च्याप्टरको सल्लाहकारका रूपमा पाउनु संस्थाका लागि गौरवको विषय भएको आजीवन सदस्यहरूको धारणा छ ।

महिला अधिकारका क्षेत्रमा सक्रिय व्यक्तित्व हुन्। हाल मधेशी आयोगकी माननीय सदस्य रहेकी साहले मधेश क्षेत्रमा नेपाली भाषा तथा साहित्यको प्रवर्द्धनका लागि उल्लेखनीय भूमिका निर्वाह गर्दै आएकी छन् । नेपाली भाषा र साहित्यसम्बन्धी विविध सभा, गोष्ठी तथा साहित्यिक गतिविधिको आयोजना र सहभागिता मार्फत उनले भाषिक तथा सांस्कृतिक चेतनाको विस्तारमा योगदान पुऱ्याएकी छन् । अनेसासको आजीवन सदस्यका रूपमा संस्थाको सङ्गठन विस्तारमा समेत सक्रिय रहेकी उनका लेखरचना विभिन्न पत्र पत्रिकामा प्रकाशित छन् ।

अनेसासको संस्थागत यात्रामा लामो समयदेखि समर्पित सन्ध्या पहारी नेपाल च्याप्टरकी पूर्व अध्यक्ष हुन् । हाल उनी अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारकी सदस्यका रूपमा आबद्ध छिन्। उच्च र स्पष्ट विचार, सशक्त वैचारिक दृष्टिकोण तथा साहित्यिक साधनाका लागि परिचित पहारीका विविध विधाका कृति प्रकाशित छन्। उनले नेपाल प्रज्ञा-प्रतिष्ठानमा लामो समयसम्म उच्च जिम्मेवारीमा रहेर नेपाली भाषा तथा साहित्यको संवर्द्धनमा योगदान पुऱ्याएकी थिइन । अनेसासको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा नेपाली भाषा, साहित्य र सिर्जनाको पहिचान विस्तार गर्ने अभियानमा पनि उनी निरन्तर क्रियाशील रहँदै आएकी छन् ।

यसैबीच, अनेसास नेपाल च्याप्टरले महिला समितिको संयोजकमा कार्यसमिति सदस्य शान्ति रिसाललाई चयन गरेको छ। नेपाली साहित्यमा महिलाको सिर्जनात्मक उपस्थिति, सहभागिता र नेतृत्वलाई अझ सशक्त बनाउने उद्देश्यसहित रिसालको संयोजकत्वमा महिला समिति गठन प्रक्रिया अघि बढाइएको हो। समितिले छिट्टै पूर्णता पाउने र महिला साहित्यकार हरूको प्रतिभा, सिर्जना तथा आवाजलाई संस्थागत मञ्च प्रदान गर्ने विश्वास लिइएको छ ।

म्याग्दीमा निजी आवास पुनःनिर्माण कार्ययोजना तयार

म्याग्दी । गत असोजको बाढीपहिरोबाट प्रभावित जिल्लामा निजी आवास प्रबली करण, पुनःनिर्माण तथा पुनः स्थापनाका लागि कार्ययोजना तयार पारिएको छ ।

जिल्ला प्रशासन कार्यालय ले तयार पारेको कार्ययोजना विपद् व्यवस्थापन समितिको बैठकले पारित गरेपछि शुक्रबारदेखि कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। प्रमुख जिल्ला अधिकारी गणेश गैरेले उद्धार र राहतपछि अस्थायी बसोबासको व्यवस्थासँगै पुनः निर्माणको चरणमा अघि बढेको जानकारी दिनुभयो ।

"मृतक र विभिन्न घरवास गुमाएका हरुलाई उद्धार र राहत उपलब्ध गराई अस्थायी बसोबासको व्यवस्था मिलाउनेसँगै निजी आवास पुनःनिर्माणलाई तिब्रता दिन र व्यवस्थित बनाउन कार्ययोजना बनाएका हौ," उहाँले भन्नुभयो "निजी आवास पुनःनिर्माणको काम आगामी २०८३ जेठ दोस्रो हप्ताभित्र सक्ने गरि कार्ययोजना तयार भएको छ ।"

समयतालिका निर्धारण गरेर तयार पारिएको १२ बुदे कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको स्पष्ट जिम्मेवारी तोकिएको छ। स्थानीय तहले पौषको दोस्रो हप्तासम्म विपद्बाट पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा तयार, सूचना प्रणालीमा प्रविष्ट गर्ने, लगत संकलन सम्पन्नताको निस्सा दिने, लाभग्राही हरुको पहिचान गरी सूची सहितको विवरण जिल्लामा पठाउने र क्षतिको स्तर अनुसार प्रबलीकरण, पुननिर्माण तथा पुनस्थापना छुट्याएर लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्नेछ ।

जिल्ला विपद् व्यवस्थापन समितिले पौषको देस्रो हप्तासम्म निर्णय गरि राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पहिलो किस्ता रकम माग गर्ने, तेस्रो हप्तामा वडा अध्यक्षहरुले अनुदान सम्झौता गर्ने, पौष मसान्तभित्र पहिलो किस्ता अनुदान दिने, फागुन १५ गतेसम्म दोस्रो र जेठ १५ गतेसम्म तेस्रो किस्ता अनुदान वितरण गर्ने कार्ययोजना बनाइएको छ ।

विपद् प्रभावितले निजी आवास पुनर्निर्माणका लागि रु. पाँच लाख अनुदान पाउने कार्यबिधी छ। सूचना प्रविधि सञ्चालन तथा प्राधिकरणले प्राधिकरणले विकास गरेको पोर्टलको प्रयोग सम्बन्धमा स्थानीय तहका विपद् सम्पर्क व्यक्ति र प्राविधिक कर्मचारीलाई तालिम दिनका लागि प्राधिकरणलाई माग गरिएको छ । निजी आवासको क्षतिको मुल्याङ्कन र लाभग्राही पहिचानको प्रक्रियासँगै मृतक र विस्थापित हरुलाई राहत वितरण तथा अस्थायी बसोबास व्यवस्थापन को कामलाई समानान्तर रुपमा अघि बढाइएको म्याग्दीमा सबैभन्दा बढी प्रभावित भएको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो ।

सरकारले असोज २१ गते म्याग्दीका बेनी नगरपालिका, अन्नपूर्ण, रघुगंगा, मालिका, मंगला र धवलागिरि गाउँपालिकालाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । विपद् प्रतिकार्यका आकस्मिक काम गर्नका लागि पहिलो चरणमा संघीय सरकारले रु. ४०/४० लाख अनुदान पठाएको छ ।

प्रहरी, जनप्रतिनिधि प्राविधिकहरुले क्षतिको तथ्यांक संकलन गरि मुचुल्का तयार पार्ने काम अन्तिम चरणमा पुऱ्याएका छन्। पछिल्लो विपद्बाट म्याग्दीको अन्नपूर्णमा पाँच र मालिकामा दुई जनाको मृत्यु भएको प्रहरी नायव उपरीक्षक राजन कार्कीले सो क्रममा बताउनुभयो । बेनी नगरपालिका र अन्नपूर्णमा एक/एक जना वेपत्ता छन् ।

प्रनाउ कार्कीका अनुसार जिल्लाभर दुई सय ४३ घर पूर्ण र एक सय ८४ घरको आंशिक क्षति भएको विवरण प्रहरीले हालसम्म संकलन गरेको छ । तीन सय ६२ घर बाढी, पहिरो र कटानका कारण जोखिममा परेका छन् । ३४ गोठ पूर्ण र ४६ वटामा आंशिक क्षति पुगेको छ । १३ वटा विद्यालयमा आंशिक क्षति पुगेको छ ।

क्षतिको विवरण संकलन पुरा नभएकाले संख्या थपिन सक्ने प्रजिअ गैरेले बताउनुभयो । म्याग्दीका प्रमुख बेनी-जोमसोम, बेनी-दरबाङ, बेनी-बागलुङ लगायत सडक, खानेपानी, सिचाई, विद्युती-करण, जलविद्युत आयोजना, प्रशारण लाइन, नदी नियन्त्रण योजनामा ठूलो क्षति पुगेको छ ।

कालीगण्डकी र म्याग्दी नदीमा आएको बाढीका कारण तटीय क्षेत्रमा कटान तथा बाढीको जोखिम बढेको छ ।

विपद्बाट क्षति पुगेका सार्वजनिक भौतिक संरचनाहरुको पुनर्निर्माणका लागि भने स्थानीय तहको माग र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत बजेट उपलब्ध गराइने म्याग्दीबाट निर्वाचित प्रतिनिधीसभा सदस्य समेत रहनुभएका विज्ञान, प्रबिधि तथा नवप्रर्वतन् मन्त्री महाविर पुनले हालै बेनीमा भएको अन्तरक्रिया कार्यक्रममा बताउनुभएको थियो ,

बेगनास तालमा सुरु भयो फिस फेस्टिभल

कास्की । पोखराको दोस्रो ठूलो बेगनास तालको किनारमा आजदेखि 'फिस फेस्टिभल' सुरु भएको छ । होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथले आयोजनामा तालको पहिचानलाई स्थानीय माछा, रैथाने खानपान र मौलिक संस्कृतिसँग जोड्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले छैटौँ संस्करणको सो महोत्सव आयोजना गरिएको हो ।

'माछाको स्वाद, संस्कृतिको पहिचान, हाम्रो मौलिकताको सम्मान' भन्ने नारासहित महोत्सव २३ गतेसम्म चल्नेछ । महोत्सवले स्थानीय उत्पादनको बजारीकरण, सांस्कृतिक संरक्षण र आर्थिक गतिविधि विस्तारमा जोड दिने आयोजकले जनाएको छ ।

महोत्सवको उद्घाटन गर्दै महानगर प्रमुख धनराज आचार्यले महानगर क्षेत्रभित्र रहेका सबै तालहरूलाई आपसमा जोड्ने 'कनेक्टिभिटी' निर्माणको काम अविलम्ब सुरु गरिने बताउनुभयो । "तालहरूको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासलाई एकीकृत रूपमा अघि बढाउने महानगरको योजना छ", प्रमुख आचार्यले भन्नुभयो ।

तालचोक-बेगनास सडक निर्माणको काम सम्पन्न हुने चरणमा रहेको उल्लेख गर्दै प्रमुख आचार्यले बेगनास तालमा 'वाटर स्पोर्ट्स' सञ्चालनका लागि आवश्यक सहजीकरण गर्न सम्बन्धित पक्षलाई आग्रह गर्नुभयो । शिशुवाचोकदेखि खुदीखोला पुलसम्मको सडक निर्माण भइसकेको र खुदीखोलादेखि रूपातालसम्मको सडकसमेत निर्माणको चरणमा रहेको उहाँले जानकारी दिनुभयो । यी पूर्वाधारले बेगनास र रूपाताल क्षेत्रको पर्यटन प्रवर्द्धनमा थप योगदान पुर्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

महोत्सवमा बेगनास तालमा पाइने विभिन्न प्रजातिका स्थानीय माछाहरूको प्रदर्शनीसँगै माछाका स्वादिष्ट परिकारहरूको स्वाद लिन सकिने आयोजक संस्थाका अध्यक्ष सुरेश लामिछानेले जानकारी दिनुभयो । स्थानीय उत्पादन, मौलिक स्वाद र पर्यटनलाई एकै ठाउँमा जोड्ने उद्देश्यले फेस्टिभल आयोजना गरिएको उहाँले बताउनुभयो । फेस्टिभल अवधिभर स्थानीय तथा राष्ट्रिय कलाकारहरूको साङ्गीतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । 'फिस फेस्टिभल'ले बेगनास तालको पर्यटकीय पहिचान विस्तार गर्नुका साथै स्थानीय माछा व्यवसाय, होटल तथा रेस्टुरेन्ट व्यवसाय र समग्र आर्थिक गतिविधिमा टेवा पुग्ने अपेक्षा गरिएको छ । बेगनास ताल माछाको विविधताका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । स्वदेशी प्रजातिका साथै व्यावसायिक उत्पादनका लागि भित्र्याइएका बाह्य प्रजातिका माछा पाइन्छन् । यसअघिको एक अध्ययन मा बेगनासमा १७ प्रजातिका माछा अभिलेख गरिएको थियो ।

तीमध्ये ११ स्वदेशी र छ बाह्य प्रजातिका थिए । स्वदेशी प्रजातिमा सहर, कत्ले, चचुने, फगेटा, पोथी तथा अन्य साना प्रजातिका माछा अभिलेख गरिएका छन् । व्यावसायिक रूपमा पालिने बाह्य प्रजातिमा तिलापिया, सिल्भर कार्प, बिगहेड कार्प, ग्रास कार्प र कमन कार्पजस्ता माछा पर्छन् । पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पोखराका तालहरूलाई विशेषता र सम्भावना अनुसार विकास गर्नुपर्नेमा जोड दिनुभयो । "तालहरूको पहिचान स्थापित गर्दै व्यवस्थित रूपमा प्रवर्द्धन गर्न सके पोखरालाई तालैतालको पर्यटकीय सहरका रूपमा विकास गर्न सकिन्छ", भुजेलले भन्नुभयो ।

महोत्सवबाट बचत भएको रकम तालबाराही, गोरखनाथ मन्दिर तथा बेगनास ताल क्षेत्रको विकासमा खर्च गर्ने योजना रहेको आयोजकले जनाएको छ ।

न्यायमा पहुँच बढे मात्रै न्यायपालिकाप्रति जनआस्था बढ्छः प्रधानन्यायाधीश शर्मा

काठमाडौँ । प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले न्यायमा पहुँच सहज र प्रभावकारी बनाउन सकेमात्र न्यायपालिकाप्रति जन आस्था बढ्ने बताउनुभएको छ । सर्वोच्च अदालतले शुक्रबार (हिजो) मात्रै आयोजना गरेको 'न्यायमा पहुँचसम्बन्धी संवाद' कार्यक्रममा उहाँले नागरिकले सहज रूपमा न्याय प्राप्त गर्न सक्ने वातावरण बनेमा मात्र न्यायालयप्रतिको विश्वास बढ्ने बताउनुभयो ।



उहाँले न्यायमा पहुँच संवैधानिक अधिकार भएकाले त्यसलाई व्यवहारमा सुनिश्चित गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्नुभयो । न्याय प्रणालीलाई थप समावेशी, पहुँचयोग्य र नागरिकमैत्री बनाउनुपर्नेमा जोड दिँदै उहाँले नागरिकले आफ्नो अधिकारको संरक्षण र न्यायिक उपचार सहज रूपमा प्राप्त गर्न सकेमा मात्र संवैधानिक अधिकारको वास्तविक कार्यान्वयन हुने कुरा बताउनुभयो ।

प्रधानन्यायाधीश शर्माले न्यायमा पहुँच भन्नाले अदालत पुग्ने वा मुद्दा दर्ता गर्ने अवसर मात्र नभई न्यायिक प्रक्रिया बुझ्ने, त्यसमा प्रभावकारी रूपमा सहभागी हुने, आफ्ना कुरा निर्भयतापूर्वक राख्ने र उचित समयभित्र न्याय प्राप्त गर्ने अवस्था भएको स्पष्ट पार्नुभयो । न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना (२०८१-८६) ले न्यायमा पहुँच, न्यायिक सुशासन र सेवाप्रवाह सुधारलाई प्राथमिकता दिएको उहाँले जानकारी दिनुभयो । प्रधानन्यायाधीश शर्माले वैतनिक कानुन व्यवसायीको सेवा, कानुनी सहायता, न्यायिक प्रक्रियाको सरलीकरण, सूचना प्रविधिको उपयोग तथा सेवाग्राहीमैत्री व्यवस्थालाई थप प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । उहाँले अपाङ्गतामैत्री भौतिक संरचना, पहुँचयोग्य सूचना तथा सञ्चार प्रणाली, संवेदनशील जनशक्ति र प्रक्रियागत सहजीकरणलाई संस्थागत प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । न्यायमा पहुँच न्यायपालिकाको मात्र जिम्मेवारी नभएको उल्लेख गर्दै उहाँले अपराध अनुसन्धानदेखि अभियोजन, कानुनी प्रतिनिधित्व, न्याय सम्पादन र फैसला कार्यान्वयन सम्मका सबै चरणमा नागरिकको अधिकार र मर्यादा सुरक्षित हुनुपर्ने बताउनुभयो ।

अनुसन्धान गर्ने निकाय, सरकारी वकिल, कानुन व्यवसायी, सम्बन्धित मन्त्रालय तथा नागरिक समाजबीचको समन्वयले न्याय प्रणालीलाई थप उत्तरदायी बनाउन सक्ने उहाँको भनाइ थियो । विगतमा न्यायमा पहुँच आयोगको अध्यक्षका रूपमा काम गर्दाको अनुभव सुनाउँदै प्रधानन्यायाधीश शर्माले न्यायमा पहुँचका समस्या कानुनी व्यवस्था को अभावमा मात्र सीमित नभई नागरिकको सामाजिक अवस्था, संस्थागत व्यवहार, प्रक्रियागत जटिलता र कानूनी सेवाप्रवाहको प्रभावकारितासँग पनि जोडिएको बताउनुभयो । आर्थिक विपन्नता, भौगोलिक दुर्गमता, भाषागत कठिनाइ, सामाजिक विभेद र सूचनाको अभावले न्यायमा पहुँचमा अवरोध सिर्जना गर्ने उल्लेख गर्दै उहाँले अपाङ्गता भएका व्यक्तिले थप कठिनाइ सामना गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । प्रधानन्यायाधीश शर्माले फरक आवश्यकता भएका व्यक्तिका लागि उपयुक्त सहजीकरण, पहुँचयोग्य पूर्वाधार, साङ्केतिक भाषालगायत सञ्चार सहायता, सरल सूचना प्रणाली र मर्यादापूर्ण सेवाप्रवाह आवश्यक रहेको उल्लेख गर्नुभयो ।

पत्रकार पक्राउमा प्रधानमन्त्री कार्यालयको संलग्न छैन

काठमाडौँ । प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले पत्रकार पक्राउ प्रकरणमा प्रधानमन्त्री, उहाँको सचिवालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संलग्नता नरहेको स्पष्ट पार्नुभएको छ ।

सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै उहाँले घटनाबारे प्रधानमन्त्री र उहाँको सचिवालयलाई पूर्वजानकारीसमेत नभएको बताउनुभएको छ ।

घटनाबारे जानकारी पाएलगत्तै प्रधानमन्त्रीले पक्राउ परेका पत्रकारलाई तत्काल रिहा गर्न तथा सञ्चारमाध्यमका समाचार कक्षमा प्रवेश गरी धरपकड नगर्न सम्बन्धित निकायलाई निर्देशन दिइसक्नुभएको दाहालले उल्लेख गर्नुभएको छ । यसैबीच, प्रेस काउन्सिल नेपालले शुक्रबार कार्यालय समयपछि सादा पोशाकका प्रहरीले विभिन्न सञ्चारमाध्यमका समाचार कक्षमा प्रवेश गरी पत्रकारलाई नियन्त्रणमा लिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले सञ्चार माध्यममा प्रकाशित समाचारप्रति असहमति वा पत्रकार आचार संहितासम्बन्धी उजुरीको छानबिन गर्ने जिम्मेवारी आफूमा रहेको जनाउँदै प्रहरीलाई कानुनी प्रक्रिया अपनाउन आग्रह गरेको छ ।

काउन्सिलका प्रवक्ता दीपक खनालद्वारा जारी विज्ञप्तिमा प्रेस स्वतन्त्रताको संरक्षण र मर्यादित पत्रकारिताको प्रवर्द्धनमा प्रतिबद्धता व्यक्त गरिएको छ ।

त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गर्ने र सञ्चारगृहमा छापा मार्ने कार्यप्रति विरोध जनाएको छ ।

पार्टीका प्रवक्ता जगदीश खरेलद्वारा जारी विज्ञप्तिमा यस्तो कार्य प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्यविपरीत भएको जनाउँदै पक्राउ परेका पत्रकारलाई तत्काल रिहा गर्न माग गरिएको छ । उता सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले शुक्रबारसम्म पक्राउ परेका सबै पत्रकार रिहा भएको बताउनुभएको छ ।

उहाँले शुक्रबार साँझ सामाजिक सञ्जालमार्फत सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको हो ।

"पक्राउ परेका सबै पत्रकार रिहा भएका छन् ", सो क्रममा मन्त्री तिमिल्सिनाले भन्नुभएको छ, "प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिता लोकतन्त्रका आधारस्तम्भ हुन् ।"

तापक्रम वृद्धिका विषयमा नेपाल-भुटानको संयुक्त प्रस्ताव

काठमाडौँ । नेपाल र भुटानले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिमलाई अन्तरराष्ट्रिय जलवायु वार्ताको प्रमुख विषय बनाउन संयुक्त प्रस्ताव अघि सारेका छन् ।

आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा आयोजना हुने जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) मा 'हिमाली क्षेत्रमा १.५ डिग्री तापक्रम वृद्धि' शीर्षकको छुट्टै एजेन्डा समावेश गर्न दुई देशले प्रस्ताव गरेका हुन् ।

कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले नेपाल र भुटानका तर्फबाट सम्मेलनको मस्यौदा कार्यविधिको नियम १२ अन्तर्गत उक्त प्रस्ताव पेस गर्नुभएको वन मन्त्रालयले जनाएको छ । उहाँले हिमाली समुदायले जलवायु परिवर्तनको पहिलो र सबैभन्दा ठूलो असर व्यहोर्नुपरेको उल्लेख गर्दै त्यसको प्रभाव तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने अर्बौं मानिससम्म पुग्ने बताउनुभयो । हिमाली क्षेत्रबाट बग्ने नदीहरूले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने दुई अर्बभन्दा बढी मानिसलाई पानी, खाद्यान्न र ऊर्जा उपलब्ध गराउँदै आएका छन् । त्यस्तै, विश्वका जैविक विविधताका महत्त्वपूर्ण क्षेत्रमध्ये करिब आधा हिमाली क्षेत्रमा रहेका छन् ।

नेपाल र भुटानले कोप-३१ मा हिमाली क्षेत्रमा १.५ डिग्री तापक्रम वृद्धि र तापक्रम वृद्धिको लक्ष्य नाघ्ने अवस्थासम्बन्धी वैज्ञानिक अध्ययनलाई अघि बढाउन प्रस्ताव गरेका छन् ।

त्यसैगरी सोही अवसरमा हिमाल र जलवायु परिवर्तनसम्बन्धी वार्षिक रुपमा उच्चस्तरीय संवाद आयोजना गर्ने, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसीसीसी) अन्तर्गत हिमाली पारिस्थितिक प्रणालीसम्बन्धी कार्ययोजना निर्माणको प्रक्रिया सुरु गर्ने तथा जलवायु अनुकूलन, जलवायु वित्त र हानि नोक्सानी सम्बन्धी विषयमा हिमाली क्षेत्रका प्राथमिकता समावेश गर्न प्रस्ताव गरिएको छ । नेपाल र भुटानले संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिको धारा ४.८ लाई आधार बनाएर प्रस्ताव अघि बढाएका हुन् । यसका साथै यसअघि कोप-२८ को विश्वव्यापी समीक्षा, कोप-३० मा हिमाली क्षेत्रलाई औपचारिक एजेन्डाका रूपमा समावेश गर्ने निर्णय, सन् २०२६ जुन १२ मा एसबी-६४ अन्तर्गत आयोजित हिमाल र जलवायु परिवर्तनसम्बन्धी संवाद तथा सगरमाथा आह्वानलाई पनि प्रस्तावको आधार बनाइएको छ ।

प्रस्तावमा हिमाली क्षेत्रका विषयहरू संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिको मुख्य निर्णय प्रक्रियामा पर्याप्त रूपमा समावेश हुन नसकेको उल्लेख गरिएको छ । हिमाली क्षेत्रलाई छुट्टै एजेन्डाका रूपमा समावेश गर्दा यस क्षेत्रका समस्यालाई नियमित र संस्थागत रूपमा सम्बोधन गर्न सकिने अपेक्षा गरिएको छ ।

मन्त्री चौधरीले हिमालले कुनै देशको सीमा नचिन्ने र हिमाली क्षेत्रमा उत्पन्न हुने जोखिम पनि सीमाभित्र सीमित नरहने समेत बताउनुभएको छ ।

पर्यटकीय याम सुरु, सामुदायिक घरबासमा विदेशी पाहुना

बागलुङ । आँखैअगाडि दन्तेलहरझैँ देखिने हिमशृङ्खला, अर्ग्यानिक खानाका परिकार, ग्रामीण जीवन शैली र न्यानो आतिथ्य भकुण्डेस्थित सामुदायिक घरबास (होमस्टे)को मुख्य आकर्षण हुन् । यिनै विशेषताका कारण बागलुङको भकुण्डेस्थित अतिथि सत्कार सामुदायिक घरबासमा स्वदेशीमात्र नभई विदेशी पर्यटकसमेत आकर्षित हुन थालेका छन् ।

पर्यटकीययाम सुरु भएसँगै जिल्लाकै पहिलो घरबासगाउँ बागलुङ नगरपावलिका-१० स्थित भकुण्डेमा पर्यटकको चहलपहल बढेको छ । हालै छ जना विदेशी पर्यटक तीन दिनसम्म घरबासमा बसेर गाउँको प्राकृतिक सुन्दरता, स्थानीय संस्कृति र खानपानमा रमाउँदै फर्किएका छन् । बेलायत, स्वीटजरल्यान्ड, अस्ट्रेलिया, अमेरिका लगायत देशका पर्यटक घरबासमा आएका सञ्चालक याम थापाले बताउनुभयो । "शुक्रबारदेखि आइतबारसम्म घरबासमा पर्यटकको चहलपहल बढी हुन्छ । पदयात्रा मार्फत बागलुङ बजारबाट र जीपमा भकुण्डे पुग्न सकिन्छ", उहाँले भन्नुभयो, "भकुण्डे यस्तो घरबास हो, जहाँ विदेशी पर्यटक सोझै आउने गरेका छन् । विसं २०७३ देखि जिल्लाकै पहिलो घरबासका रूपमा सञ्चालनमा आएको अतिथि सत्कार सामुदायिक घरबास स्थानीय कला, संस्कृति, मौलिक परम्परा, आतिथ्य र अर्ग्यानिक खानाका कारण परिचित बन्दै गएको छ ।

विदेशी पर्यटकको आकर्षण बढ्न थालेपछि घरबासमा नौमती बाजागाजासहित पाहुनाको स्वागत गर्ने गरिएको सञ्चालक थापाले बताउनुभयो । मौसमी फूल, सयपत्री र लालीगुराँसका माला लगाएर पाहुनालाई स्वागत गर्ने परम्परा छ । स्थानीय संस्कृति र ग्रामीण जीवनशैलीसँग नजिकबाट परिचित हुन पाइने भएकाले विदेशी पर्यटकको रोजाइमा सामुदायिक घरबास परेको उहाँको भनाइ छ । बागलुङको पर्यटन प्रवर्द्धनमा लामो समयदेखि सक्रिय महादेव शर्मा विदेशी पर्यटकलाई भकुण्डे ल्याउन सक्रिय हुनुहुन्छ । विभिन्न माध्यमबाट विदेशी पाहुना भित्र्याउँदै आउनुभएका शर्माले घरबासको अध्ययनसमेत गर्दै आउनुभएको छ ।

भकुण्डेको गाउँ परिवेश, जीवनशैली, खानपान र स्थानीयको आतिथ्य विदेशी पर्यटकले रुचाउने गरेको उहाँले बताउनुभयो । शर्माका अनुसार उहाँको पहलमा दर्जनभन्दा बढी समूहमा विदेशी पर्यटक भकुण्डे पुगेका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com